# सञ्चय कोष

"सुरक्षित भविष्यको लागि सञ्चय कोषको व्यवस्था गरौं।"

ई-न्यूजलेटर : कर्मचारी सञ्चय कोषको त्रैमासिक प्रकाशन । वर्ष ४ । अंक १७ । २०७३ माघ, फाल्गुन, चैत्र ।


## २०७४ सालको क्यालेण्डर सार्वजनिक



कर्मचारी सञ्चय कोषले २०७४ सालको वार्षिक क्यालेन्डर प्रकाशन गरेको छ । सम्वत् २०७४ को लागि नेपाल सरकारले तोकेको सार्वजनिक विदा र कोष सञ्चालक समितिको बैठक नं. १४९४ को सार्वजनिक विदा सम्बन्धि निर्णयको अधिनमा रहि भित्ते तथा टेबल क्यालेण्डर प्रकाशन गरिएको हो ।

गत वर्ष संस्कृति तथा भेषभुषा झल्कने खालका विषयवस्तु क्यालेण्डरमा समटिएकोमा यस पटकको क्यालेण्डरमा नेपालका प्राकृतिक सम्पदाका प्रतिनिधी तस्वीरहरु समेटिएका छन् । क्यालेण्डरको सामग्री संयोजन तथा डिजाइन लगायतका कार्यहरु योजना, अनुगमन तथा मूल्यांकन विभागकै जनशक्तिद्वारा सम्पन्न गरिएको थियो ।

क्यालेण्डर मार्फत कोषका सेवा सुविधाहरुको बारेमा सरोकारवालालाई जानकारी गराउनुका साथै नेपालको पर्यटन प्रवर्द्धनमा सघाउ पुग्ने अपेक्षा कोषले लिएको छ ।

## वाइडबडी खरिदको लागि ऋण प्रवाह हुने

### संस्थागत ऋणमा सरकार बस्यो जमानी




कर्मचारी सञ्चय कोषले दुईवटा वाइडबडी खरिद गर्नको लागि नेपाल बायु सेवा निगमलाई दिन लागेको ऋणमा नेपाल सरकार जमानी बस्ने भएको छ ।

सरकार जमानी बस्ने सम्बन्धी संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको प्रस्ताव मन्त्रिपरिषद्ले स्वीकृत गरेपछि यसको पुष्टि भएको हो । कोष र निगमबीच वाइडवडी खरिद गर्न ऋण सम्झौता भने गर्न बाँकी छ । निगमसँग भएको अनौपचारिक सम्झौता अनुसार कोषले १२ अर्ब रुपैयाँ ऋण प्रदान गर्ने छ, भने बाँकी १२ अर्ब रुपैयाँ ऋण नागरिक लगानी कोषले निगमलाई प्रदान गर्ने छ । ऋणको जमानतका शर्त तथा अवस्था तय गर्न अर्थमंत्रालयलाई जिम्मा दिइएको छ । अर्थमंत्रालयबाट जमानतका शर्त तथा अवस्था भई आए पश्चात कोषले निगमसंग अन्तिम ऋण सम्झौता गर्ने छ । यसअघि निगम र कोषबीच ऋणबारे अनौपचारिक सहमति भएको थियो। सहमति अनुसार कोषले ९ प्रतिशत ब्याजदरमा १२ अर्ब रूपैयाँ ऋण १५ वर्षका लागि निगमलाई दिने छ। त्यस्तै निगमले वार्षिक दुई किस्ताका दरले ऋण बुझाउने अनौपचारिक सहमति पनि भएको छ। विगतमा खरिद गरेको एयरबस ३२०-२०० सिरिजको न्यारो बडी जहाजका लागि पनि कोषले १० अर्ब रुपैयाँ निगमलाई ऋण दिएको थियो।

निगम र अमेरिकन लिजिङ कम्पनी एएआर कर्पोरेसनबीच एयरबस ३३०-२०० सिरिजको दुई थान वाइड बडी जहाज खरिद सम्झौता सम्पन्न भएको जनाइएको छ। वाइड बडी जहाज निगमले २० करोड ८० लाख १६ हजार डलर अर्थात २२ अर्ब ६३ करोड रूपैयाँमा खरिद गर्न लागेको हो।

## समयमै फाँटवारी पठाउन आग्रह

सञ्चयकर्ता सेवा तथा सामाजिक सुरक्षा विभागले समयमै फाँटवारी पठाउन सम्बन्धित कार्यालयहरुलाई आग्रह गरेको छ । विभागले सार्वजनिक सूचना जारी गर्दै आषाढ मसान्तभित्रै फाँटवारी पठाउन अनुरोध गरेको हो ।

'सञ्चय कोष कट्टी गर्ने कार्यालयहरुले आफ्ना कर्मचारीहरुको सञ्चय कोष कट्टी तथा सापटी कट्टीको फाँटवारी प्रत्येक महिना समाप्त भएको सात दिन भित्र र असार महिनाको फाँटवारी सो महिनाको अन्त्यसम्ममा कोषमा पठाईसक्नु पर्ने व्यवस्था रहेको छ', सूचनामा भनिएको छ, 'चालु आ.व.२०७३/७४ को कोषमा पठाउन बाँकी सञ्चय कोष कट्टी तथा सापटी कट्टीको सम्पुर्ण फाँटवारीहरु २०७४ असार मसान्त भित्रमा कोषको काठमाण्डौ ठमेल स्थित कार्यालय वा शाखा कार्यालयहरु वा सेवा केन्द्रहरुमा प्राप्त हुने गरी पठाउनु हुन अनुरोध छ।'

साथै, सो समय पश्चात प्राप्त हुने फाँटवारीहरु चालु आ.ब. २०७३/७४ को हिसावमा समावेश नहुने व्यहोरा समेत जानकारी गराईएको छ ।

भित्री पृष्ठमा


ईशाको सभामा सहभागीता
लेखा सम्बन्धि अन्तिम विवरण
सेवा परिचय : घर सापटी कार्यक्रम

# ईशाको साधारण सभामा सहभागिता

कर्मचारी सञ्चय कोषका अध्यक्ष प्रेम कुमार राई र प्रशासक कृष्णप्रसाद आचार्य इन्टरनेशनल सोसियल सेक्युरिटी एशोसियसन (ईशा)को ३२ औं साधारण सभा र ईशा काउन्सिलको ३६ औं सम्मेलनका साथै वर्ल्ड सोसियल सेक्युरिटी फोरममा सहभागी हुनु भएको छ ।

उक्त साधारण सभा २०१६ नोभेम्वर १४ देखि १८ सम्म गणतन्त्र पानामाको राजधानी पानामा सिटीमा आयोजना भएको थियो । कर्मचारी सञ्चय कोष सन् १९८० देखि ईशाको सदस्य रहि आएको छ ।

यसै सन्दर्भमा प्रशासक आचार्य क्यानडास्थित अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) का कन्सल्ट्यान्टको आमन्त्रणमा पेन्सन फन्ड सञ्चालन सम्बन्धी छलफलमा समेत सहभागी हुनु भएको थियो ।



## पेन्सन कोर कोर्स-२०१७ मा सहभागिता

कर्मचारी सञ्चय कोषका वरिष्ठ प्रवन्धक ध्रुव भट्टराई र प्रवन्धक दिलिपराज पौडेल वर्ल्ड बैंक पेन्सन कोर कोर्स २०१७ मा सहभागी हुनु भएको छ । वर्ल्ड बैंकले २०१७ मार्च ६ देखि १७ सम्म हेडक्वार्टर वासिंगटन डी.सी.मा दि डिजायन एण्ड इम्प्लेमेन्टेसन अफ वल्ड एज इन्कम प्रोटेक्सन प्रोग्राम्स विषयक उक्त कोर्स सञ्चालन गरेको थियो ।

## प्रोजेक्ट फाइनान्स विषयक तालिममा प्रबन्धक सहभागी

कर्मचारी सञ्चय कोषका प्रवन्धक (परियोजना विश्लेषक) मदन सुवेदी प्रोजेक्ट फाइनान्स इन इनर्जी एण्ड इन्फ्रास्ट्रक्चर सेक्टर्स विषयक तालिममा सहभागी हुनु भएको छ ।

उक्त तालिम २०१७ फेब्रुअरी २-४ सम्म युरो फाइनान्स ट्रेनिंग एण्ड स्टेट ब्यांक स्टाफ कलेज हैदरावादले संयुक्त रुपमा भारतको हैदरावादमा सम्पन्न भएको थियो ।

## प्रवन्धकद्वय एमडीआई तालिममा

कर्मचारी सञ्चय कोषका प्रवन्धकद्वय कल्पना मानन्धर र निर्मला हुमागाई म्यानेजमेन्ट डिभलपमेन्ट प्रोग्राम (एमडीपी) तालिम कार्यक्रममा सहभागी हुनु भएको छ ।

उक्त तालिम २०१७ मार्च १ देखि ३ सम्म भारतको गुडगाउँमा म्यानेजमेन्ट डिभलपमेन्ट इन्स्टिच्युट (एमडीआई)ले सञ्चालन गरेको थियो ।

## ३४ अधिकृतको बैंकक तालिम

म्यानेजमेन्ट डिभलपमेन्ट ट्रेनिंग अन ग्लोवल मेनेजरियल स्कील्स विषयक अन्तर्राष्ट्रिय कार्यशालामा कोषका अधिकृतहरु सहभागी हुनु भएको छ । उक्त कार्यशाला २०७३ फागुन १७ देखि २२ गते सम्म थाइल्याण्डको राजधानी बैंककमा आयोजना भएको थियो । कार्यशाला इन्टरनेशनल स्टेन्डर्ड आइकोन-आईएसआई नेपाल मार्फत आईएसआई नेपालको समन्वयमा सि भोलेन्टियर प्रोग्रामले एसियन इन्स्टिच्युटको सहकार्यमा सञ्चालन गरेको थियो ।

# सञ्चयकर्ता घर सापटी



**सापटीको उद्देश्य :**

सञ्चयकर्ताहरुको सामाजिक सुरक्षालाई दृष्टिगत गरी आवासको व्यवस्था गर्नु तथासंकलित स्रोतलाई लगानी विविधीकरणको माध्यमवाट सञ्चयकर्ताको हितमा परिचालन गर्नु यस सापटीको मुख्य उद्देश्य रहेको छ ।

**अवस्था तथा शर्तहरू :**

(क) कम्तीमा एक बर्षसम्म नियमित सञ्चयकोष कट्टी गरेका सञ्चयकर्ता र उमेर वा पदावधिको आधारमा दुई बर्ष सेवाअवधि वाँकी भएका संचयकर्तालाई देहायको प्रयोजनका लागि घर सापटी प्रदान गर्न सकिनेछ :

अ) नयाँ घर निर्माण गर्न,
आ) घरमा तला थप गर्न,
इ) घर खरिद गर्न ।

(ख) घर सापटीको अधिकतम सीमा धितो मूल्यांकनबाट कायम भएको रकममा नबढ्ने गरी सञ्चयकर्ता कार्यरत तह वा श्रेणीको तलवमान र सेवा अवधिको आधारमा देहायको सीमाभित्र रही सापटीको अधिकतम हद कायम गरिने छ :

१) दश वर्ष भन्दा कम सेवा अवधि भएका सञ्चयकर्ताहरुको हकमा बाह्र वर्षको तलवमान वरावरको रकम,

२) दश वर्ष वा सो भन्दा वढी सेवा अवधि भएका सञ्चयकर्ताहरुको हकमा पन्द्र वर्षको तलवमान वरावरको रकम, तर अ) घर सापटीको अधिकतम सीमा एक करोड रुपैया भन्दा वढी हुने छैन ।, आ) धितो रहने घरजग्गाको मूल्याङ्कनवाट कायम भएको मूल्य भन्दा वढी ऋण रकम प्रदान गरिने छैन । एवं इ)घर खरीद ⁄ विक्री गर्ने निजी व्यक्ति, सरकारी निकाय वा निजी कम्पनीले निर्धारण गरेको मूल्य भन्दा वढी ऋण रकम प्रदान गरिने छैन ।

(ग) सञ्चयकर्ताको बाँकी नोकरी अवधिमा नवढ्ने गरी सापटी चुक्ता गर्ने अवधि ग्रेस अवधि सहित अधिकतम बीस बर्षको हुनेछ । तर त्यस्तो सापटी चुक्ता गर्ने अधिकतम अवधि भित्र जुनसुकै कारणले नोकरीवाट अलग भएका सञ्चयकर्ताले व्याजनियमित गरेको अवस्थामा सेवावाट अलग भएको मितिले छ वर्षसम्म कर्जा भुक्तान गर्न सक्नेछ ।

(घ) उमेर वा पदावधिको आधारमा दुईबर्ष सेवाअवधि वाँकी भएका संचयकर्तालाई सापटी प्रदान गर्दा ग्रेस अवधि प्रदान गरिने छैन ।

(ङ) घर निर्माण गर्ने प्रयोजनका लागि सापटी प्रदान गर्दा कम्तीमा दुई किस्ता र अधिकतम चार किस्ता कायम गरिने छ र प्रथम किस्ताको रकम कुल स्वीकृत सापटीको वढीमा पचास प्रतिशत हुनेछ । दोश्रो वा सो भन्दा पछिको किस्ता कायम गर्दा मूल्यांकनकर्ताले सिफारिश गरेको प्रगति विवरणको आधारमा कायम गरिनेछ । तर, घर खरिद गर्दा स्वीकृत रकम एकमुष्ठ प्रदान गरिनेछ ।

(च) सापटी स्वीकृत भएको दुईवर्षसम्ममा सापटीको अधिकतम सीमाउपयोग नगर्ने सञ्चयकर्ताको अधिकतम सीमा कायम गर्दा उपयोग गरेको सापटी रकमलाई कर्जाको अधिकतम सीमा कायम गरिनेछ ।

(छ) घर सापटीको प्रथम किस्ता डी.पी.सी.लेभलको कार्य सम्पन्न भएपछि मात्र प्रदान गरिने छ ।

(ज) पति ⁄ पत्नी दुवैजना सञ्चयकर्ता भएमा एउटै धितोवाट दुईजनाको नाममा सापटी हिसाव गर्दा सापटीको अधिकतम सीमा दुवैजनाको तलवमानको आधारमा अलग अलग कायम गरी सापटी प्रदान गर्न सकिने छ । तर, यसरी अलग अलग सापटी प्रदान गर्दा धितो मूल्यांकनले खाम्नु पर्ने छ ।

(झ) सरल चक्रकर्जा लिएका सञ्चयकर्तालाई घर सापटी प्रदान गरिने छैन । तर, शैक्षिक सापटीलिएका सञ्चयकर्ताले सो सापटीको व्याज नियमित गरेको भएमा र घर मर्मत सापटी लिएका सञ्चयकर्ताहरुको सो सापटी असूल भैसकेपछि घर सापटी प्रदान गर्न सकिने छ ।

(ञ) सञ्चयकर्ताले लिएको घर सापटी चुक्ता गरेमा पुनः घर सापटी दिन सकिनेछ । यसरी पुनःसापटी प्रदान गर्दा यस कार्यविधिअनुरुपको सवै प्रक्रिया पूरा गर्नुपर्नेछ । तर, साविकमा लिएको घर सापटीको धितो फुकुवा भैसकेको रहेनछ भने मूल्याङ्कनले खामे सम्मको फरक घर सापटीका लागि तोकिएको प्रक्रिया पूरा गरेपछि साविकमा गरेको दृष्टिवन्धक रजिष्ट्रेशन भएको लिखतमा उल्लिखित थैली वराबरको रकमसम्म घर सापटी प्रदान गर्न बाधा पर्ने छैन ।

## आवश्यक कागजातहरू

- कोषले प्रदान गरेको घर सापटी फाराम सम्बन्धित कार्यालयबाट प्रमाणित भएको
- जग्गाको लालपुर्जाको प्रमाणित प्रतिलिपि, जग्गा प्राप्तिको स्वामित्व प्रमाणित प्रतिलिपी (राजिनामा, अंशबण्डा तथा छोडपत्रको तमसुक)
- जग्गाधनी र ऋणीको नागरिकताको र नाता कायम भएको प्रमाणित प्रतिलिपी
- घर खरीद गर्ने हकमा बिक्रीकर्ताको नागरिकताको प्रमाणित प्रतिलिपी
- चालु आ.वको मालपोत बुझाएको रसिदको प्रमाणित प्रतिलिपी
- स्थानीय निकायबाट सम्बन्धित घर जग्गाको चार किल्ला खुलेको (बाटोको चौडाइ समेत खुलेको प्रमाणित प्रतिलिपी
- भवन निर्माण गर्न सम्बन्धित निकायबाट स्वीकृत लिएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी
- कर्मचारीको सम्बन्धित कार्यालयबाट तलव स्केल तथा अवकाश मिति खुलेको पत्र
- कर्मचारी संचय कोषको परिचय पत्रको प्रमाणित प्रतिलिपी
- जग्गा रहेको वडाको व्लु प्रिन्ट (Ammonia Blue Print) र ट्रेस पेपर (सम्बन्धित नापी कार्यालयबाट प्रमाणित) ।

**कर्मचारी सञ्चय कोष**

**(कर्मचारी सञ्चय कोष ऐन, २०१९ बमोजिम् स्थापित)**

## वासलात

**२०७३ आषाढ मसान्त**

| क्र.सं | विवरण | अनुसूची | यस वर्षको (रु.) | गत वर्षको (रु.) |
|---|---|---|---|---|
| **१. कोषको स्रोत** | | | | |
| १.१ | सञ्चय कोष | १ | २१७,६०५,८२२,००६ | १८७,५६५,३४५,०९७ |
| १.२ | मुनाफाबाट सिर्जना गरिएको जगेडा तथा अन्य कोष | २ | ४,६५८,४०७,४६५ | ४,६२८,००२,००८ |
| १.३ | पूँजीगत जगेडा कोष | ३ | - | - |
| १.४ | दायित्वहरू | ४ | ८७५,०३७,३१२ | ८०३,६१७,४८५ |
| १.५ | व्यवस्थाहरू | ५ | १,५५६,४९४,००३ | १,४४६,२८२,१४९ |
| जम्मा | | | २२४,६९५,७६०,७८६ | १९४,४४३,२४६,७३९ |
| **२. कोषको उपयोग** | | | | |
| २.१ | नगद तथा बैंक मौज्दात | ६ | ४,१७३,३८५,५३९ | ८,०१४,७७४,३५५ |
| २.२ | राष्ट्रिय बचतपत्र तथा ऋणपत्रमा लगानी | ७ | १५,४६५,६२०,९४८ | १५,२२६,३९८,३५८ |
| २.३ | मुद्दती निक्षेपमा लगानी | ८ | ५८,०४२,३५६,०६५ | ३६,८७०,०००,००० |
| २.४ | डिवेन्चरमा लगानी | ९ | - | - |
| २.५ | शेयरमा लगानी | १० | २,२२०,५३०,७४१ | २,२२०,५३०,७४१ |
| २.६ | परियोजना कर्जा | ११ | २३,३६५,५०७,६७२ | २४,८१९,६२६,११४ |
| २.७ | सञ्चयकर्ता सापटी | १२ | ११८,१४८,४१३,७८५ | १०४,११५,९५६,४७४ |
| २.८ | आवास परियोजनामा लगानी | १३ | - | - |
| २.९ | स्थिर सम्पत्तिमा लगानी | १४ | ७५७,७०६,४१६ | ७८८,३०४,०७६ |
| २.१० | स्थिर सम्पत्ति | १५ | ३७७,९६६,०९३ | ३२०,३०५,६२० |
| २.११ | निर्माणाधीन सम्पत्ति | १६ | २,१६८,३५३ | २,१६८,३५३ |
| २.१२ | विविध सम्पत्ति | १७ | २,१४२,१०५,१७४ | २,०६५,१८२,६४८ |
| जम्मा | | | २२४,६९५,७६०,७८६ | १९४,४४३,२४६,७३९ |

*अनुसूची १ देखि १७ र लेखानीति तथा लेखा सम्बन्धि टिप्पणी वासलातका अभिन्न अंगका रूपमा रहेका छन् ।*

**कर्मचारी सञ्चय कोष**

**(कर्मचारी सञ्चय कोष ऐन, २०१९ बमोजिम् स्थापित)**

## आय विवरण

**२०७२ श्रावण १ गतेदेखि २०७३ आषाढ मसान्तसम्म**

| विवरण | | अनुसूची | यस वर्षको (रू.) | गत वर्षको (रू.) |
|---|---|---|---|---|
| १ | ऋण तथा लगानीबाट आम्दानी | १८ | १५,१६६,९४६,४०० | १५,००८,३३१,३५६ |
| २ | ब्याज खर्च | १९ | १२,७९२,३३४,७८३ | १२,३९९,७९३,९६४ |
| ३ | कुल मुनाफा (१-२) | - | २,३७४,६११,६१७ | २,६०८,५३७,३९२ |
| ४ | विविध आम्दानी | २० | १२७,०१९,८७७ | १९१,९४२,४२६ |
| ५ | व्यवस्थापन खर्च | | ८७०,९१७,६३० | ९४४,३९९,७२७ |
| | **क) कर्मचारी खर्च** | २१ | ७२०,८०५,१३९ | ७८६,१०६,३८२ |
| | **ख) सञ्चालन खर्च** | २२ | ९८,९६१,०६६ | १०३,७८६,९२१ |
| | **ग) ह्रास कट्टी खर्च** | | ४८,८९२,७४९ | ५१,७११,११७ |
| | **घ) वित्तीय खर्च** | | २,२५८,६७६ | २,७९५,३०७ |
| ६ | **कर्जा तथा लगानी जोखिम व्यवस्थाको अघिको मुनाफा (३+४–५)** | | १,६३०,७१३,८६४ | १,८५६,०८०,०९१ |
| ७ | **कर्जा तथा लगानी जोखिमको व्यवस्था खर्च (खुद)** | २३ | ५१,६०४,०७६ | १५१,८०५,६०७ |
| ८ | **कर्जा तथा लगानी जोखिमको व्यवस्था पछिको मुनाफा (६–७)** | | १,५७९,१०९,७८८ | १,७०४,२७४,४८४ |
| ९ | **विगत वर्षको आम्दानी (खर्च)** | - | १९,९०७,६२९ | १,६०७,५५५ |
| १० | **कर्जा अपलेखन सम्वन्धि खुद खर्च (आम्दानी) समायोजन अघिको मुनाफा (८+९)** | | १,५९९,०१७,४१७ | १,७०५,८८२,०३९ |
| ११ | **कर्जा अपलेखन सम्वन्धी खुद खर्च (आम्दानी)** | २४ | - | - |
| १२ | खुद मुनाफा/(नोक्सान) (१० -११) | | १,५९९,०१७,४१७ | १,७०५,८८२,०३९ |

परिपत्र नं. ९८४ | मिति : २०७३।१२।३०

वि.सं. २०७४ को लागि नेपाल सरकारले तोकेको सार्वजनिक बिदा र सञ्चालक समितिको मिति २०७३।१२।३० बैठक नं. १४९४ को निर्णयको अधिनमा रहि कोषमा विक्रम सम्वत २०७४ सालको सार्वजनिक बिदाहरु देहाय बमोजिम हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि निर्णयानुसार सूचित गरिन्छ ।

# २०७४ सालका सार्वजनिक बिदाको सूची

(क) प्रत्येक शनिवार पूरा दिन बिदा ।

(ख) प्रत्येक शुक्रवार आधा दिन बिदा ।

(ग) देहाय बमोजिमका अन्य सार्वजनिक बिदाहरु : पूरा दिन बिदा ।

| | | |
|---|---|---|
| १ | नव वर्ष | २०७४।०१।०१।६ |
| २ | विश्व मजदुर दिवस | २०७४।०१।१८।२ |
| ३ | बुद्ध जयन्ती, किरात राई लिम्बू जातिको उभौली पर्व चण्डी पूर्णिमा | २०७४।०१।२७।४ |
| ४ | गणतन्त्र दिवस | २०७४।०२।१५।२ |
| ५ | जनै पूर्णिमा, रक्षावन्धन (ऋषि तर्पणी) | २०७४।०४।१३।६ |
| ६ | गाईजात्रा (काठमाण्डौ उपत्यकालाई मात्र) | २०७४।०४।२४।३ |
| ७ | श्रीकृष्ण जन्माष्टमी | २०७४।०४।३०।०२ |
| ८ | हरितालिका (तीज) (महिला कर्मचारीहरुलाई मात्र) | २०७४।०५।०८।५ |
| ९ | ऋषि पञ्चमी (महिला कर्मचारीहरुलाई मात्र) | २०७४।०५।१०।७ |
| १० | गौरापर्व | २०७४।०५।१३।३ |
| ११ | इन्द्र जात्रा (काठमाण्डौ उपत्यकालाई मात्र) | २०७४।०५।२०।३ |
| १२ | जितिया पर्व (जितिया पर्व मनाउने महिला कर्मचारीहरुको लागि) | २०७४।०५।२८।४ |
| १३ | संविधान दिवस | २०७४।०६।०३।३ |
| १४ | घटस्थापना . | २०७४।०६।०५।५ |
| १५ | फूलपाती देखि द्वादशीसम्म दशैं बिदा | २०७४।०६।११।४ देखि २०७४।०६।१६।२ |
| १६ | कोजाग्रत पूर्णिमा | २०७४।०६।१९।५ |
| १७ | लक्ष्मी पूजा | २०७४।०७।०२।५ |
| १८ | गोवर्धन पूजा, म्हपूजा, नेपाल सम्वत् | २०७४।०७।०३।६ |
| १९ | भाइ टीका | २०७४।०७।०४।७ |
| २० | छठपर्व | २०७४।०७।०९।५ |
| २१ | नेपाली सिख धर्मालम्वी कर्मचारीहरुलाई गुरु नानक जयन्ती | २०७४।०७।१८।७ |
| २२ | फाल्गुनन्द जयन्ती (किरात धर्मालम्वी कर्मचारीहरुको लागि) | २०७४।०७।२५।७ |
| २३ | अर्न्तराष्ट्रिय अपांग दिवस (अपांग कर्मचारीहरुका लागि) | २०७४।०८।१७।१ |
| २४ | किरात पर्व उधौली पूजा, योमरी पुन्ही, ज्यापू दिवस (धान्य पूर्णिमा) | २०७४।०८।१७।१ |
| २५ | इसाई धर्मावलम्बीहरुको पर्व क्रिसमस डे (इसाई धर्मालम्वी कर्मचारीहरुको लागि) | २०७४।०९।१०।२ |
| २६ | तमू ल्होसार पर्व | २०७४।०९।१५।७ |
| २७ | माघी पर्व | २०७४।१०।०१।२ |
| २८ | सोनम ल्होसार पर्व | २०७४।१०।०४।५ |
| २९ | शहीद दिवस | २०७४।१०।१६।३ |
| ३० | महाशिवरात्री | २०७४।११।०१।३ |
| ३१ | ग्याल्बो ल्होसार पर्व | २०७४।११।०४।६ |
| ३२ | राष्ट्रिय प्रजातन्त्र दिवस | २०७४।११।०७।२ |
| ३३ | फागु पूर्णिमा (काठमाण्डौ उपत्यका, धनकुटा, पोखरा, हेटौडा र सुर्खेत कार्यालयलाई) | २०७४।११।१७।५ |
| ३४ | फागु पूर्णिमा (धनगढी, कोहलपुर, बुटवल र विराटनगर कार्यालयलाई) | २०७४।११।१८।६ |
| ३५ | अन्तर्राष्ट्रिय महिला दिवस | २०७४।११।२४।५ |
| ३६ | घोडे जात्रा (काठमाण्डौ उपत्यकालाई मात्र) | २०७४।१२।०३।७ |
| ३७ | राम नवमी | २०७४।१२।११।१ |
| ३८ | महावीर जयन्ती (नेपाली जैन धर्मालम्वी कर्मचारीहरुको लागि) | २०७४।१२।१५।५ |
| ३९ | मत्स्येन्द्रनाथको भोटो देखाउने दिन (उपत्यकालाई मात्र) | |
| ४० | सिरुवा पावनी पर्वका दिन (त्यस्तो पर्व मनाउने झापा, मोरंग, सुनसरी, सिराहा र सप्तरी जिल्लाहरुमा) | |
| ४१ | ईस्लाम धर्मावलम्वीहरुको पर्व ईद (इदुल्ल फित्र) का दिन बिदा | |
| ४२ | ईस्लाम धर्मावलम्वीहरुको पर्व बकर ईद (इदुल्ल जोहा) का दिन बिदा | |
| ४३ | धवधाम्बु छेउचिक पर्वका दिन त्यस्तो पर्व मनाउने जिल्लाहरुमा स्थानीय बिदा | |
| (घ) | नेपाल सरकारले नेपाल राज्यभर आकस्मिकरुपमा सार्वजनिक बिदाको घोषणा गरेमा सो दिन कोषमा पनि बिदा हुनेछ । | |
| (ङ) | २०७४ असार मसान्तको दिन कोषको साल तमामी हिसाब गर्नु पर्ने र २०७४ भाद्र ३१ गते कोषको वार्षिकोत्सव पर्ने भएकोले उक्त दुवै दिन कोषको वाह्य कारेवार बन्द हुने । | |
| (च) | कार्यालय समय: | |
| | (१) २०७४ बैशाख १ गतेदेखि २०७४ कात्तिक १५ गतेसम्म तथा २०७४ माघ १६ गतेदेखि २०७४ चैत्र मसान्तसम्म विहान १०.०० बजेदेखि अपरान्ह ५.०० बजेसम्म र २०७४ कात्तिक १६ गतेदेखि २०७४ माघ १५ गतेसम्म विहान १०.०० बजेदेखि अपरान्ह ४.०० बजेसम्म । | |
| | (२) प्रत्येक शुक्रवार विहान १०.०० बजेदेखि अपरान्ह १.३० बजेसम्म । | |

द्रष्टव्य : संचयकर्तालाई प्रदान गरिने सेवा प्रवाहमा असर नपर्ने गरी कार्यालय समयको १:३० बजेदेखि २:३० बजेसम्म खाजा खाने समय कायम गर्ने ।

## ई-न्युज लेटर/ई-लाइब्रेरीलाई सामाग्री उपलब्ध गराई दिने सम्बन्धी सूचना

मिति २०७३ जेठ १८मा जारी भएको परिपत्र एवं योजना, अनुगमन तथा मुल्यांकन विभागलाई सूचना केन्द्रका रुपमा विकास गराउने भन्ने व्यवस्थापकीय चाहना अनुरुप संस्थागत गतिविधि, विभागीय सेवा, सुविधा, प्रगति, छलफल, संवाद, तालिम एवं अन्य प्रकाशनयोग्य तथ्यांक, कार्यपत्र, प्रतिवेदन जस्ता सामग्री योजना, अनुगमन तथा मुल्यांकन विभागमा उपलब्ध गराई प्रकाशन एवं पुस्तकालयको भण्डारणमा सहयोग गरिदिनु हुन अनुरोध छ ।

**कर्मचारी सञ्चय कोष,**
**योजना, अनुगमन तथा मुल्यांकन विभाग,**
**पुल्चोक, ललितपुर ।**

email : **planning**@epfnepal.com.np

**कोषको दुरदृष्टि** (VISION)

राष्ट्रिय सामाजिक सुरक्षण प्रदायकको अग्रणी भूमिकाद्वारा कोषलाई अन्तरराष्ट्रियस्तरको सामाजिक सुरक्षण संस्थाको रूपमा स्थापित गर्ने ।

**दीर्घकालीन लक्ष** (MISSION)

- प्रभावकारी स्रोत परिचालन, दिगो एवं आकर्षक सुविधा, गुणस्तरीय सेवा तथा सम्भाव्य सामाजिक सुरक्षण कार्यक्रमको विस्तारको माध्यमद्वारा संगठित क्षेत्रका सबै रोजगारसम्म कोषको दायरा विस्तार गरी कोषलाई नेपालको सुप्रतिष्ठित सामाजिक सुरक्षण संस्थाको रूपमा स्थापित गर्ने ।
- नवीन व्यवस्थापन पद्धति, गुणात्मक सञ्जालको विकास र विस्तार, उद्यमशील र प्रतिस्पर्धी कार्यपद्धति, व्यापक सहकार्य र साझेदारीका आधारमा कोषलाई एक सक्षम अन्तरराष्ट्रिय सामाजिक सुरक्षण संस्थाका रूपमा परिचित तुल्याउने ।
- सञ्चय कोष र सामाजिक सुरक्षण सुविधाहरूको सुव्यवस्थापनद्वारा सञ्चयकर्तालाई समाजिक सुरक्षणको प्रत्याभुति दिई कोषलाई सन्तुष्ट सञ्चयकर्ताको ठूलो परिवार *(A happy big family of satisfied members)* बनाउने ।
- कोषमा उपलब्ध दीर्घकालीन बचतलाई देशको पूर्वाधार विकासको क्षेत्रमा उपयोग गरी आर्थिक विकासमा योगदान गर्ने ।

**कर्मचारी सञ्चय कोष**
केन्द्रीय कार्यालय, पुल्चोक, ललितपुर
फोन नं. : ०१ ५०१०१८०
website : www.epfnepal.com.np

सम्पादन मण्डल
**निमित्त विभागीय प्रमुख श्री सुमना स्थापित**
**प्रबन्धक श्री बीरेन्द्र पौडेल**
**प्रबन्धक श्री दामोदर सुवेदी**
**शाखा अधिकृत श्री ओजस्वी गौतम**
विशेष सहयोग
**शाखा अधिकृत श्री राजेन्द्र विक्रम केसी**